# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

४१

पूर्णाङ्क

संशोधन—मण्डल

का. मै. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलोकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

–बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

११ वर्ष

१ अङ्क

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–

**महेशराज पन्त**

**दिनेशराज पन्त**

प्रकाशक–

**देवीप्रसाद भण्डारी**

( संशोधन–मण्डलद्वारा )

सहयोगी–

**रामजी तेवारी**

यस अङ्कको मूल्य रु. ६।

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. सुमतितन्त्रको आधारग्रन्थ | – नयराज पन्त<br>देवीप्रसाद भण्डारी<br>दिनेशराज पन्त | १–१६ |
| २. जगज्ज्योतिर् मल्लको राज्यकालमा नयाँ प्रकाश | – महेशराज पन्त | २०–२२ |
| ३. श्रीनिवास मल्लसम्बन्धी तात्कालिक अप्रकाशित लेख | – महेशराज पन्त | २३–३० |
| ४. गोरखाको विरोधमा वि. सं. १७८२ मा भएको कान्तिपुर र भक्तपुरको सन्धिपत्र | – रामजी तेवारी | ३१ |
| ५. जङ्गबहादुरको पालाका दुइ पत्र | – रामजी तेवारी | ३२ |



## हाम्रा प्रकाशित कृति

### संशोधन-मण्डलतर्फबाट

| | |
|---|---|
| १. पूर्णिमा १ देखि ४१ अङ्कसम्म | १६३।५० |
| २. अभिलेख-सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. इतिहास-संशोधन | १३। |
| ४. सावधान-पत्र | ६। |
| ५. विद्या-रत्ना | ६। |
| ६. व्याकरण-संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग-संशोधन | ३।५० |

(यी पुस्तक साझा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन् ।)

| | |
|---|---|
| ८. बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. पञ्चाङ्ग-संशोधन ( १३–१५ सङ्ख्या ) | ।७५ |
| १०. सावधान-पत्र ( १८–३० सङ्ख्या ) | २।८५ |
| ११. रत्नदीप ( करणग्रन्थ ) | २।५० |
| १२. वृत्तशतक (प्रसिद्ध गणितज्ञ भास्कराचार्यका पिता महेश्वराचार्यले बनाएको मुहूर्तग्रन्थ) | ३। |

### नेपाल-सांस्कृतिक-परिषद्तर्फबाट

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिक-पत्रसङ्ग्रह (पहिलो भाग) | ४।५० |
| ४. ऐतिहासिक-पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।५० |

### जगदम्बा-प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा फ्याँकिएका कसिङ्गर | ६।२५ |
| २. इतिहास-संशोधनको प्रमाण-प्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (५ खण्ड) | ४१। |

### त्रिभुवन-विश्वविद्यालय पाठ्यक्रम-विकास-केन्द्रतर्फबाट

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रिभुवन-विश्वविद्यालय संस्कृतअध्ययनसंस्थानको आयोजनामा तयार भएको) | |

# सुमतितन्त्रको आधारग्रन्थ

– नयराज पन्त

सहायक – { देवीप्रसाद भण्डारी
दिनेशराज पन्त

## मूल पाठ

मध्यमञ्च भवेत्तत्र सूर्यादीनां यथाक्रमम् ।
आदित्यस्य खशून्याभ्रवेमपिण्डबलाहकैः
चन्द्रस्याब्धियुगाग्न्यग्निरूपखैकगुणाश्विभिः ।
चन्द्रोच्चस्य रसाष्टाष्टदस्रभूतवटंकुभिः
कोषाग्निरन्ध्रमातङ्गपक्षकू— तमस्य तु ।
अङ्गारस्य रसाङ्काश्विसप्तनागमहीवटैः ।
ज्ञस्य व्योमखशून्याष्टवेदसप्तभुविस्वरैः ।
वाक्षतेर्नभनागाष्टकोषपञ्चनदीकुभिः ।
भार्गवस्य यमाक्षेषुच्छिद्रभद्रखपिण्डकैः ।
सौरस्यर्तुशरोपक्षाकोषयूथपपञ्चभिः ।
भागैर्शून्यखसूर्याद्रिकोषरुद्रगुणार्तुभिः ।

तस्य सूत्रस्याङ्क

भानोर्युगण गुण १७२८००००
इन्दोर्गुण २३१०१३३४४
चन्द्रोच्चस्य गुण १९५२८८६
पातस्य गुण ९२८९३६
अङ्गारस्य गुण ९१८७२९६

| | |
|---|---|
| ज्ञस्य गुण | ७१७४८००० |
| जीवस्य गुण | १४५६८८० |
| शुक्रस्य गुण | २८०८९५५२ |
| सौरस्य गुण | ५८६२५६ |
| सर्वग्रहमध्यमसाधने भागाहार | ६३११६७१२०० ॥ |

(सुमतितन्त्र ताडपत्र १०ख-११क पत्र)

## संशोधित पाठ

मध्यमानयनं वक्ष्ये सूर्यादीनां यथाक्रमम् ।
आदित्यस्य खशून्याभ्रव्योमपिण्डबलाहका:१७२८०००० ॥
चन्द्रस्याऽब्धियुगाग्न्यग्निरूपखैकगुणाश्विन:२३१०१३३४४ ।
चन्द्रोच्चस्य रसाष्टाष्टदस्रभूताङ्कभूमय:१९५२८८६ ॥
चन्द्रपातस्य कोषाग्निरन्ध्रनागाश्विखेचरा:९२८९३६ ।
भूपुत्रस्य रसाङ्काश्विसप्तनागकुखेचरा:९१८७२९६ ॥
ज्ञशीघ्रोच्चस्य खाभ्राभ्रनागाब्धिमेघपर्वता:७१७४८००० ।
वाक्पतेः शून्यनागाष्टकोषपञ्चाब्धिभूमय:१४५६८८० ॥
शुक्राशूच्चस्य नेत्रेषुबाणाङ्काष्टखपिण्डका:२८०८९५५२ ।
सौरस्य रसबाणद्विरसमातङ्गसायका:५८६२५६ ॥
गुणाः प्रोक्ता द्युपिण्डस्य भगणादिग्रहाप्तये ।
भाजकः खाभ्रसूर्याद्रिकोषरुद्रगुणर्तवः ६३११६७१२०० ॥

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

द्युगणस्य गुणकाः कथ्यन्ते ।

| | |
|---|---|
| भानोर्गुणः | १७२८०००० |
| इन्दोर्गुणः | २३१०१३३४४ |
| चन्द्रोच्चस्य गुणः | १९५२८८६ |
| चन्द्रपातस्य गुणः | ९२८९३६ |
| अङ्गारकस्य गुणः | ९१८७२९६ |

ज्ञशीघ्रोच्चस्य गुणः ७१७४८०००
जीवस्य गुणः १४५६८८०
शुक्रशीघ्रोच्चस्य गुणः २८०८९५५२
सौरस्य गुणः ५८६२५६
सर्वेषां भाजकः ६३११६७१२००
एवं भगणादयो मध्यमा ग्रहा भवन्ति ।

[ अहर्गणलाई १७२८०००० ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम सूर्य आउँछन् ।

अहर्गणलाई २३१०१३३४४ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम चन्द्र आउँछन् ।

अहर्गणलाई १९५२८८६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि चन्द्रोच्च आउँछ ।

अहर्गणलाई ६२८६३६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि चन्द्रपात आउँछ ।

अहर्गणलाई ९१८७२९६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम मङ्गल आउँछन् ।

अहर्गणलाई ७१७४८००० ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि बुधशीघ्रोच्च आउँछ ।

अहर्गणलाई १४५६८८० ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम बृहस्पति आउँछन् ।

अहर्गणलाई २८०८९५५२ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि शुक्रशीघ्रोच्च आउँछ ।

अहर्गणलाई ५८६२५६ ले गुनी आएको गुणनफललाई ६३११६७१२०० ले भाग लिनू, भगणादि मध्यम शनैश्चर आउँछन् ।]

यताबाट सुमतितन्त्रअनुसार

१७२८०००० सौरवर्षमा

| | |
|---|---|
| सूर्यभगण | १७२८०००० |
| चन्द्रभगण | २३१०१३३४४ |
| चन्द्रमन्दोच्चभगण | १९५२८८६ |

| | |
|---|---|
| चन्द्रपातभगण | ९२८९३६ |
| मङ्गलभगण | ९१८७२९६ |
| बुधशीघ्रोच्चभगण | ७१७४८००० |
| बृहस्पतिभगण | १४५६८८० |
| शुक्रशीघ्रोच्चभगण | २८०८९५५२ |
| शनैश्चरभगण | ५८६२५६ |
| सावनदिन | ६३११६७१२०० |

हुने देखिन्छ ।

युगे सूर्यज्ञशुक्राणां खचतुष्करदार्णवाः ४३२००००।
कुजार्किगुरुशीघ्राणां भगणाः पूर्वयायिनाम् ॥२९॥
इन्दो रसाग्नित्रित्रीषुसप्तभूधरमार्गणाः५७७५३३३६ ।
दस्त्रत्र्यष्टरसाङ्काक्षिलोचनानि२२९६८३२ कुजस्य तु ॥३०॥
बुधशीघ्रस्य शून्यर्तुखाद्रित्र्यङ्कनगेन्दवः१७९३७०६० ।
बृहस्पतेः खदस्त्राक्षिवेदषड्वह्नय३६४२२०स्तथा ॥३१॥
सितशीघ्रस्य षट्सप्तत्रियमाश्विखभूधराः ७०२२३७६ ।
शनेर्भुजङ्गषट्पञ्चरसवेदनिशाकराः १४६५६८ ॥३२॥
चन्द्रोच्चस्याऽग्निशून्याश्विवसुसर्पार्णवा ४८८२०३ युगे ।
वामं पातस्य वस्वग्नियमाश्विशिखिदस्त्रकाः२३२२३८॥३३॥
उदयादुदयं भानोर्भूमिसावनवासरः ॥३६॥
वसुद्व्यष्टाद्रिरूपाङ्कसप्ताद्रितिथयो१५७७९१७८२८ युगे... ॥३७॥

( सूर्यसिद्धान्त मध्यमाधिकार )

[ १ महायुग ( ४३२०००० सौरवर्ष ) मा

सूर्य, बुध, र शुक्रका भगण ४३२०००० हुन्छन् । मङ्गल, बृहस्पति, शनैश्चरका शीघ्रोच्च भगण पनि त्यति नै हुन्छन् ।

| | |
|---|---|
| चन्द्रभगण | ५७७५३३३६ हुन्छन् । |
| मङ्गलभगण | २२९६८३२ हुन्छन् । |
| बुधशीघ्रोच्चभगण | १७९३७०६० हुन्छन् । |
| बृहस्पतिभगण | ३६४२२० हुन्छन् । |
| शुक्रशीघ्रोच्चभगण | ७०२२३७६ हुन्छन् । |

| | | |
|---|---|---|
| शनैश्चरभगण | १४६५६८ | हुन्छन् । |
| चन्द्रोच्चभगण | ४८८२०३ | हुन्छन् । |
| चन्द्रपातभगण | २३२२३८] | हुन्छन् । चन्द्रपात उल्टो हिँड्छ । |
| सावनदिन | १५७७६१७८२८ | हुन्छन् । ] |

यताबाट सूर्यसिद्धान्तअनुसार

४३२०००० सौरवर्षमा

| | |
|---|---|
| सूर्यभगण | ४३२०००० |
| चन्द्रभगण | ५७७५३३३६ |
| मङ्गलभगण | २२९६८३२ |
| बुधशीघ्रोच्चभगण | १७९३७०६० |
| बृहस्पतिभगण | ३६४२२० |
| शुक्रशीघ्रोच्चभगण | ७०२२३७६ |
| शनैश्चरभगण | १४६५६८ |
| चन्द्रमन्दोच्चभगण | ४८८२०३ |
| चन्द्रपातभगण | २३२२३८ |
| सावनदिन | १५७७९१७८२८ |

हुने देखिन्छ ।

दन्ताब्धयोऽयुतहता ४३२०००० युगवत्सराः स्युः
सूर्यज्ञशुक्रभगणा अपि तत्समानाः ।
तावन्त एव कुजजीवशनैश्चराणां
शीघ्राख्यतुङ्गभगणा गणकैर्निरुक्ताः ।।३।।
चन्द्रस्य षड्गुणसुरेषुनगाद्रिबाणा ५७७५३३३६
भौमस्य संकृतिगजाङ्गनवाश्विदस्राः २२९६८२४ ।
प्रालेयरश्मितनयस्य चलोच्चचक्रा-
ण्यभ्राक्षिखाद्रिगुणनन्दतुरङ्गचन्द्राः १७९३७०२० ।।४।।
जीवस्य सागरयमाश्विकृताङ्गरामाः ३६४२२४
शीघ्रोच्चपर्ययमितिर्भृगुनन्दनस्य ।
वस्वष्टरामयमनेत्रवियत्तुरङ्गा ७०२२३८८
मन्दस्य सागररसेषुरसाब्धिचन्द्राः १४६५६४ ।।५।।

पातस्य षड्द्वियमदन्तयमा २३२२२६ विलोमा
गोकुद्विवस्वहियुगानि ४८८२१९ मृदूच्चमिन्दोः ···॥६॥
व्योमाभ्रबाणतुरगक्षितिनन्दशैल-
क्ष्माभृच्छिलीमुखभुवः १५७७९१७५०० क्षितिवासराः स्युः ॥८॥

( शिष्यधीवृद्धिद मध्यमाधिकार )

[१ महायुग (४३२०००० सौरवर्ष) मा

सूर्य, बुध र शुक्रका भगण ४३२०००० हुन्छन् । मङ्गल, बृहस्पति र शनैश्चरका शीघ्रोच्च-भगण पनि त्यति नै हुन्छन् ।

| | | |
|---|---|---|
| चन्द्रभगण | ५७७५३३३६ | हुन्छन् । |
| मङ्गलभगण | २२९६८२४ | हुन्छन् । |
| बुधशीघ्रोच्चभगण | १७९३७०२० | हुन्छन् । |
| बृहस्पतिभगण | ३६४२२४ | हुन्छन् । |
| शुक्रशीघ्रोच्चभगण | ७०२२३८८ | हुन्छन् । |
| शनैश्चरभगण | १४६५६४ | हुन्छन् । |
| चन्द्रपातभगण | २३२२२६ | हुन्छन्, चन्द्रपात उल्टो हिँड्छ । |
| चन्द्रमन्दोच्चभगण | ४८८२१९ | हुन्छन् । |
| सावनदिन | १५७७९१७५०० | हुन्छन् ।] |

लल्लको शिष्यधीवृद्धिद आर्यसिद्धान्तअनुसारको हो ।[१]

यताबाट आर्यसिद्धान्तअनुसार

४३२०००० सौरवर्षमा

| | |
|---|---|
| सूर्यभगण | ४३२०००० |
| चन्द्रभगण | ५७७५३३३६ |
| मङ्गलभगण | २२९६८२४ |
| बुधशीघ्रोच्चभगण | १७९३७०२० |

---

१. आचार्यार्यभटोदितं सुविषमं व्योमौकसां कर्म य-
च्छिष्याणामभिधीयते तदधुना लल्लेन धीवृद्धिदम् ॥१॥

( शिष्यधीवृद्धिद मध्यमाधिकार )

[आचार्य आर्यभटले बताएको ग्रहगणितका गाह्रा कुरा चेलाहरूलाई बुझाउन लल्ल शिष्यधीवृद्धिद बनाउँछन् । ]

| | |
|---|---|
| बृहस्पतिभगण | ३६४२२४ |
| शुक्रशीघ्रोच्चभगण | ७०२२३८८ |
| शनैश्चरभगण | १४६५६४ |
| चन्द्रपातभगण | २३२२२६ |
| चन्द्रमन्दोच्चभगण | ४८८२१९ |
| सावनदिन | १५७७९१७५०० |

हुने देखिन्छ ।

अर्कशुक्रबुधपर्यया विधेरह्नि कोटिगुणिता रदाब्धयः ४३२००००००० ।
एत एव शनिजीवभूभुवां कीर्तिताश्च गणकैश्चलोच्चजाः ।।१।।
खाभ्रखाभ्रगगनामरेन्द्रियक्ष्माधराद्रिविषया ५७७५३३०००००० हिमद्युतेः ।
युग्मयुग्मशरनागलोचनव्यालषण्नवयमाश्विनो २२९६८२८५२२ऽसृजः ।।२।।
सिन्धुसिन्धुरनवाष्टगोङ्कषट्त्र्यङ्कसप्तशशिनो १७९३६९९८९८४ ज्ञशीघ्रजाः ।
पञ्चपञ्चयुगषट्कलोचनद्व्यब्धिषड्गुणमिता ३६४२२६४५५ गुरोर्मताः ।।३।।
द्विनन्दवेदाङ्कगजाग्निलोचनद्विशून्यशैलाः ७०२२३८९४९२ सितशीघ्रपर्ययाः ।
भुजङ्गनन्दद्विनगाङ्गबाणषट्कृतेन्दवः १४६५६७२९८ सूर्यसुतस्य पर्ययाः ।।४।।
खाष्टाब्धयो४८०ऽष्टाक्षगजेषुदिग्द्विप-
द्विपाब्धयो ४८८१०५८५८ द्व्यङ्कयमा २९२ रदाग्नयः३३२ ।
शरेष्विभा ८५५ स्त्र्यक्षरसाः६५३ कुसागराः४१ स्युः पूर्वगत्या तरणेर्मृदूच्चजाः ।।५।।
गजाष्टिभर्गत्रिरदाश्विनः२३२३१११६८कुभृद्-
रसाश्विनः २६७ कुद्विशराः५२१ क्रमर्तद्भवः ।
त्रिनन्दनागा ८९३ युगकुञ्जरेषवो ५८४ निशाकराद् व्यस्तगपातपर्ययाः ।।६।।
भूदिनानि शरवेदभूपगोसप्तसप्ततिथयोऽयुताहताः १५७७९१६४५०००० ... ।।९।।

( सिद्धान्तशिरोमणि मध्यमाधिकार भगणाध्याय)

[१ कल्पमा (४३२०००००००० सौरवर्षमा)

सूर्य, बुध र शुक्रका भगण ४३२०००००००  हुन्छन् । मङ्गल, बृहस्पति र शनैश्चरका शीघ्रोच्चभगण पनि त्यति नै हुन्छन् ।

| | | |
|---|---|---|
| चन्द्रभगण | ५७७५३३००००० | हुन्छन् । |
| मङ्गलभगण | २२९६८२८५२२ | हुन्छन् । |
| बुधशीघ्रोच्चभगण | १७९३६९९८९८४ | हुन्छन् । |

| | | |
|---|---|---|
| बृहस्पतिभगण | ३६४२२६४५५ | हुन्छन् । |
| शुक्रशीघ्रोच्चभगण | ७०२२३८९४९२ | हुन्छन् । |
| शनैश्चरभगण | १४६५६७२९८ | हुन्छन् । |
| सूर्यमन्दोच्चभगण | ४८० | हुन्छन् । |
| चन्द्रमन्दोच्चभगण | ४८८१०५८५८ | हुन्छन् । |
| मङ्गलमन्दोच्चभगण | २९२ | हुन्छन् । |
| बुधमन्दोच्चभगण | ३३२ | हुन्छन् । |
| बृहस्पतिमन्दोच्चभगण | ८५५ | हुन्छन् । |
| शुक्रमन्दोच्चभगण | ६५३ | हुन्छन् । |
| शनैश्चरमन्दोच्चभगण | ४१ | हुन्छन् । |

मन्दोच्च पूर्वतिर जान्छन् ।

| | | |
|---|---|---|
| चन्द्रपातभगण | २३२३१११६८ | हुन्छन् । |
| मङ्गलपातभगण | २६७ | हुन्छन् । |
| बुधपातभगण | ५२१ | हुन्छन् । |
| बृहस्पतिपातभगण | ६३ | हुन्छन् । |
| शुक्रपातभगण | ८९३ | हुन्छन् । |
| शनैश्चरपातभगण | ५८४ | हुन्छन् । |

पात उल्टो हिँड्छन् ।

सावनदिन १५७७९१६४५०००० हुन्छन् ।]

भास्करको सिद्धान्तशिरोमणि ब्रह्मसिद्धान्तअनुसार बनेको हो ।[2]

यताबाट ब्रह्मसिद्धान्तअनुसार

४३२०००००० सौरवर्षमा

| | |
|---|---|
| सूर्यभगण | ४३२०००००० |
| चन्द्रभगण | ५७७५३३००००० |
| मङ्गलभगण | २२९६८२८५२२ |
| बुधशीघ्रोच्चभगण | १७९३६९९८९८४ |

२. अत्र ग्रन्थे ब्रह्मगुप्तस्वीकृतागमोऽङ्गीकृतः ।

( सिद्धान्तशिरोमणि मध्यमाधिकार भगणाध्याय १–६ श्लोकको उपपत्ति )

[यस सिद्धान्तशिरोमणिमा ब्रह्मगुप्तले बनाएको सिद्धान्तलाई स्वीकार गरिएको छ ।]

| | |
|---|---|
| बृहस्पतिभगण | ३६४२२६४५५ |
| शुक्रशीघ्रोच्चभगण | ७०२२३८९४९२ |
| शनैश्चरभगण | १४६५६७२९८ |
| चन्द्रमन्दोच्चभगण | ४८८१०५८५८ |
| चन्द्रपातभगण | २३२३१११६८ |
| सावनदिन | १५७७९१६४५८००० |

हुने देखिन्छ ।

सूर्यसिद्धान्त र आर्यसिद्धान्तमा ४३२०००० सौरवर्षका ग्रहभगण दिइएका छन् । सुमतितन्त्रमा १७२८०००० सौरवर्षका ग्रहभगण दिइएका छन् । ब्रह्मसिद्धान्तमा ४३२०००००० सौरवर्षका ग्रहभगण दिइएका छन् । सूर्यसिद्धान्त र आर्यसिद्धान्तमा दिइएको वर्षसङ्ख्याभन्दा सुमतितन्त्रको वर्षसङ्ख्या ४ गुना छ, ब्रह्मसिद्धान्तको वर्षसङ्ख्याचाहिँ १००० गुना छ । यस कारण तुलना गर्न सजिलो पार्न सुमतितन्त्रमा दिइएका भगणहरूलाई ४ ले भाग लिएर तथा ब्रह्मसिद्धान्तमा दिइएका भगणहरूलाई १००० ले भाग लिई तलको चक्र तयार पारिएको छ ।

४३२०००० सौरवर्षमा

| ग्रह | सुमतितन्त्र | सूर्यसिद्धान्त | आर्यसिद्धान्त | ब्रह्मसिद्धान्त |
|---|---|---|---|---|
| सूर्यभगण | ४३२०००० | ४३२०००० | ४३२०००० | ४३२०००० |
| चन्द्रभगण | ५७७५३३३६ | ५७७५३३३६ | ५७७५३३३६ | ५७७५३३०० |
| चन्द्रमन्दोच्चभगण | ४८८२२१.५ | ४८८२०३ | ४८८२१९ | ४८८१०५.८५८ |
| चन्द्रपातभगण | २३२२३४ | २३२२३८ | २३२२२६ | २३२३११.१६८ |
| मङ्गलभगण | २२९६८२४ | २२९६८३२ | २२९६८२४ | २२९६८२८.५२२ |
| बुधशीघ्रोच्चभगण | १७९३७००० | १७९३७०६० | १७९३७०२० | १७९३६९९८.९८४ |
| बृहस्पतिभगण | ३६४२२० | ३६४२२० | ३६४२२४ | ३६४२२६.४५५ |
| शुक्रशीघ्रोच्चभगण | ७०२२३८८ | ७०२२३७६ | ७०२२३८८ | ७०२२३८९.४९२ |
| शनैश्चरभगण | १४६५६४ | १४६५६८ | १४६५६४ | १४६५६७.२९८ |
| सावनदिन | १५७७९१७८०० | १५७७९१७८२८ | १५७७९१७५०० | १५७७९१६४५० |

सूर्यभगणसङ्ख्या चारै सिद्धान्तमा एउटै छ । चन्द्रभगणसङ्ख्या सुमतितन्त्र, सूर्यसिद्धान्त र आर्यसिद्धान्तमा एउटै तथा ब्रह्मसिद्धान्तमा फरक छ । चन्द्रमन्दोच्चभगणसङ्ख्या र चन्द्रपातभगणसङ्ख्या चारै सिद्धान्तमा फरक छ । मङ्गलभगणसङ्ख्या सुमतितन्त्र र आर्यसिद्धान्तमा एउटै तथा सूर्यसिद्धान्त र ब्रह्मसिद्धान्तमा फरक छ । बुधशीघ्रोच्चभगणसङ्ख्या चारै सिद्धान्तमा फरक छ । बृहस्पतिभगणसङ्ख्या सुमतितन्त्र र सूर्यसिद्धान्तमा एउटै तथा आर्यसिद्धान्त र

ब्रह्मसिद्धान्तमा फरक छ । शुक्रशीघ्रोच्चभगणसङ्ख्या र शनैश्चरभगणसङ्ख्या सुमतितन्त्र र आर्यसिद्धान्तमा एउटै र सूर्यसिद्धान्त र ब्रह्मसिद्धान्तमा फरक छ ।

४३२०००० सौरवर्षमा सुमतितन्त्रमा १५७७९१७८०० सावनदिन, सूर्यसिद्धान्तमा १५७७९१७८२८ सावनदिन, आर्यसिद्धान्तमा १५७७९१७५०० सावनदिन, ब्रह्मसिद्धान्तमा १५७७९१६४५० सावनदिन हुन्छन् भनी लेखिएको छ । यस कारण प्रत्येकको १ सौरवर्षको मान ल्याउनुपरेको छ ।

सुमतितन्त्रअनुसार

$$\frac{१५७७९१७८००}{४३२००००} = \frac{१५७७९१७८}{४३२००} = \frac{५२५९७२६}{१४४००}$$

$$= \frac{१७५३२४२}{४८००} = \frac{५८४४१४}{१६००} = \frac{२९२२०७}{८००}$$

दि.　घ.　प.　वि.

= ३६५ । १५ । ३१ । ३०

८००) २९२२०७ (३६५ । १५ । ३१ । ३०
२४००
५२२०
४८००
४२०७
४०००
२०७ × ६०
४०) २०७ × ३
६२१
४०
२२१
२००
२१ × ६०

२) २१ × ३
६३
६
३
२
१ × ६०
१) ३०
३०

सूर्यसिद्धान्तअनुसार

$$\frac{१५७७९१७८२८}{४३२००००} = \frac{७८८९५८९१४}{२१६००००} = \frac{३९४४७९४५७}{१०८००००}$$

दि.　घ.　प.　वि.　प्र.वि.

= ३६५ । १५ । ३१ । ३१ । २४

१०८००००) ३९४४७९४५७ (३६५ । १५ । ३१ । ३१ । २४
३२४००००
७०४७९४५
६४८००००
५६७९४५७
५४०००००
२७९४५७ × ६०
१८०००) २७९४५७
१८०००
९९४५७
९००००
९४५७ × ६०
३००) ९४५७
९००
४५७

४५७
३००
१५७ × ६०
५) १५७
१५
७
५
२ × ६०
२ × १२
१) २४
२४

आर्यसिद्धान्तअनुसार

$$\frac{\text{१५७७९१७५००}}{\text{४३२००००}} = \frac{\text{१५७७९१७५}}{\text{४३२००}} = \frac{\text{५२५९७२५}}{\text{१४४००}} = \frac{\text{१०५१९४५}}{\text{२८८०}} = \frac{\text{२१०३८९}}{\text{५७६}}$$

दि. घ. प. वि.
= ३६५ । १५ । ३१ । १५

५७६) २१०३८९ (३६५ । १५ । ३१ । १५
१७२८
३७५८
३४५६
३०२९
२८८०
१४९ × ६०
९६) १४९ × १०
१४९०
९६
५३०
४८०
५०

५० × ६०
१६) ५० × १०
५००
४८
२०
१६
४ × ६०
४) १ × ६०
१) १५
१५

ब्रह्मसिद्धान्तअनुसार

$$\frac{१५७७९१६४५०}{४३२००००} = \frac{१५७७९१६४५}{४३२०००} = \frac{५२५९७२१५}{१४४०००} = \frac{१७५३२४०५}{४८०००} = \frac{५८४४१३५}{१६०००} = \frac{११६८८२७}{३२००}$$

दि. घ. प. वि. प्र.वि.
= ३६५ । १५ । ३० । २२ । ३०

```
३२००) ११६८८२७ (३६५ । १५ । ३० । २२ । ३०
       ९६००
       २०८८२                    २४३
       १९२००                    २४
        १६८२७                   ३ × ६०
        १६०००                 २) ३ × १५
          ८२७ × ६०                ४५
   १६०)  ८२७ × ३                  ४
         २४८१                      ५
         १६०                       ४
          ८८१                     १ × ६०
          ८००                 १) ३०
          ८१ × ६०                 ३०
     ८)   ८१ × ३
          २४३
```

यति गणनाबाट १ वर्षको मान

| | दिन | घडी | पला | विपला | प्रतिविपला |
|---|---|---|---|---|---|
| सुमतितन्त्रअनुसार | ३६५ | १५ | ३१ | ३० | ० |
| सूर्यसिद्धान्तअनुसार | ३६५ | १५ | ३१ | ३१ | २४ |
| आर्यसिद्धान्तअनुसार | ३६५ | १५ | ३१ | १५ | ० |
| ब्रह्मसिद्धान्तअनुसार | ३६५ | १५ | ३० | २२ | ३० |

यहाँसम्मका गणनाबाट सुमतितन्त्रका ग्रहभगण तथा वर्षमान सूर्यसिद्धान्त, आर्यसिद्धान्त तथा ब्रह्मसिद्धान्तसँग नमिलेकाले सुमतितन्त्रको आधारग्रन्थ सूर्यसिद्धान्त, आर्यसिद्धान्त तथा ब्रह्मसिद्धान्तमध्ये कुनै पनि होइन भन्ने कुरा स्पष्ट हुन्छ ।

## मूल पाठ

सूर्यसिद्धान्तमध्येषु दध्नो घृतमिवोद्धृतं ।
नाम्ना तु सुमतितन्त्रं सिद्धान्तस्य समद्भुतम् ।
तन्तथा कथयिष्यामि श्रृणु वक्ष्यामि सुव्रते ।।:।।

(सुमतितन्त्र ताडपत्र १ ख पत्र)

## संशोधित पाठ

यथाश्रुतं शास्त्रमेतद् वक्ष्यामि श्रृणु सुव्रत ।
सुमते सूर्यसिद्धान्ताद् दध्नो घृतमिवोद्धृतः ।।
सारः सुमतितन्त्राख्यः सिद्धान्तोऽयं भविष्यति ।

[दही मथेर घिउ ठिके कैँ सूर्यसिद्धान्तबाट यो झिकेको हो । यसको नाम सुमतितन्त्र हो । जस्तो मैले सुनेथेँ, उस्तै गरी तिमीलाई यो शास्त्र बताइदिन्छु । हे सुमति नियमपूर्वक रही तिमी यो पढ ।]

सूर्यसिद्धान्तको साररूप सुमतितन्त्र हो भनी यहाँ लेखिएको छ । तर सूर्यसिद्धान्तसँग सुमतितन्त्रका ग्रहभगणहरू नमिलेकाले सुमतितन्त्रको आधारग्रन्थ सूर्यसिद्धान्त अर्कै रहेछ भन्ने देखिन आउँछ । यस कारण त्यसको खोजी गर्नुपरेको छ ।

द्युगणेऽर्कोऽष्टशत८००घ्ने विपक्षवेदार्णवे ४४२ ऽर्कसिद्धान्ते ।
स्वरखद्विद्विनवयमो२९२२०७द्धृते क्रमाद् दिनदलेऽवन्त्याम् ।।१।।

(पञ्चसिद्धान्तिका ९ अध्याय)

[अहर्गणलाई ८०० ले गुनी गुणनफलबाट ४४२ घटाउनू । शेषलाई २९२२०७ ले भाग लिनू । भगणादि मध्यमसूर्य आउँछन् । यी मध्यम ग्रह सूर्यसिद्धान्तअनुसारका हुन् । अवन्तीको मध्याह्नमा यी मध्यम ग्रह आउँछन् ।]

यताबाट

सूर्यभगण = ८०० = सौरवर्ष

सावनदिन = २९२२०७

८००) २९२२०७ (३६५ । १५ । ३१ । ३०
२४००
५२२०
४८००
४२०७
४०००
२०७ × ६०
४० ) २०७ × ३
६२१
४०
२२१
२००
२१

२१ × ६०
२) २१ × ३
६३
६
३
२
१ × ६०
१) ३०
३०

यताबाट पञ्चसिद्धान्तिकाको सूर्यसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दिन १५ घडी ३१ पला ३० विपला हुने देखिन्छ । (वि. सं. २०३३ मा प्रकाशित पूर्णिमा ३४ अङ्कमा छापिएको नयराज पन्तको महाभारतमा परेको अधिमासको वर्णनले वेदाङ्गज्यौतिषको गणनापद्धतिमा केही प्रकाश पार्छ भन्ने निबन्ध, सो अङ्कको ११४ पृ.)

यताबाट वराहमिहिरको सूर्यसिद्धान्तको सौरवर्षको मान र सुमतितन्त्रको सौरवर्षको मान मिलेको देखिएकोले वराहमिहिरको सूर्यसिद्धान्त र सुमतितन्त्रको सूर्यसिद्धान्त एउटै रहेछ भन्ने झल्को पर्छ ।

अब यस विषयमा अलि गहिरिएर विचार गरिन्छ ।

## मूल पाठ

गताब्दं रविभि घातं चैत्रादिमाससंयुतं
द्विस्थं दस्रतुरङ्गर्तुकोषतीर्थगुणैर्वधं
खाभ्रव्योमखभ — ङ्गलोकशून्यमुखैर्हृतं
क्षेप्य ह्यधिकमासैस्तु । खतृघ्न तिथिसंयुतम्
द्विस्थ घ्ना खरसेष्वब्धिकोषरूपखपञ्चभिः ।।
भक्तं खाष्टिखशून्याभ्र — षखद्विहुताशनैः
शोध स्या वमलब्धेन भार्गवादि च हर्गणम् ।।०।।

अस्याङ्कटीका:

गताब्द गुण १२ मासयुत द्विधाधरि गुण ३१८६६७२ भाग १०३६८०००० फल ऊर्द्धे योज्यः तद्गुण ३० तिथियुत द्विधा गुण ५०१६४५६०। भाग ३२०६०००१६० फलं उपरिमराशौ शोध्य शेषा शुक्रादि द्युगणः ॥०॥

सुमते महातन्त्रे प्रथमार्हर्गण समाप्तः ॥०॥

( सुमतितन्त्र ताडपत्र ८ क पत्र )

## संशोधित्त पाठ

युगस्याऽस्य कलेर्याता अब्दा द्वादशभि१२र्हताः ।
चैत्रप्रभृतिभिर्मासैर्व्यतियातैः समन्विताः ॥
सम्पद्यन्ते सौरमासा मासाः सौराभिधा अमी ।
पृथग् दस्रतुरङ्गर्तुकोषतीर्थगुणै३१८६६७२र्हताः ॥
खाभ्रव्योमखभद्रर्तुलोकशून्यमुखै १०३६८०००० र्हताः ।
भवेयुरधिमासास्तैः सौरमासाः समन्विताः ॥
स्युश्चान्द्रमासाश्चान्द्राख्या मासा व्योमगुणै३०र्हताः ।
शुक्लादियाततिथिभिः स्वमासस्य समन्विताः ॥
सङ्घातश्चान्द्रघस्राणां स्याच् चान्द्राहसमुच्चयम् ।
हत्वा व्योमरसेष्वब्धिकोषरूपखपञ्चभिः ५०१६४५६० ॥
भजेत् खाष्टिखशून्याभ्रकोषखद्विहुताशनैः ३२०६०००१६० ।
क्षयाहाः संप्रजायन्ते क्षयघस्रैर्विवर्जितः ॥
समूहश्चान्द्रघस्राणां सावनाहर्गणो भवेत् ।
सावनाहर्गणे तष्टे सप्तभि७र्वार आप्यते ॥
शेषे शून्या०दिभिस्तुल्ये वारः शुक्रादिको भवेत् ।
परीक्षा घस्रसङ्घस्य कार्या वारेण धीमता ॥

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

कलिगताब्दान् द्वादशभि१२र्गुणयेद्, गुणनफले चैत्रादिगतमासा योज्याः, सौरमासाः स्युः । सौरमासान् दस्रतुरङ्गर्तुकोषतीर्थरामै ३१८६६७२ गुणयेद्, भाज्यराशिः स्यात् । भाज्यराशिं खाभ्रव्योमखभद्रर्तुलोकशून्यमुखै१०३६८०००० र्भजेद्,

अधिमासा लभ्यन्ते । सौरमासा अधिमासैर्योज्याः, चान्द्रमासाः स्युः । चान्द्रमासान् व्योमरामै३०र्गुणयेत् । गुणनफले वर्तमानस्य मासस्य शुक्लादिका गततिथयो योज्याः, तिथिगणः स्यात् । तिथिगणं व्योमरसेष्ववब्धिकोषरूपखपञ्चभि५०१६४५६०र्गुणयेद्, भाज्यराशिः स्यात् । भाज्यराशि खाष्टखशून्याभ्रकोषखद्विगुणे ३२०६०००१६० र्भजेद्, अवमाहा लभ्यन्ते । अवमाहैरूनितस्तिथिगणः सावनाहर्गणो भवति । सावनाहर्गणं सप्तभि७स्तक्षणुयात् । शून्य०शेषे शुक्रवार एक१शेषे शनिवार इति क्रमेण वारः स्यात् । वारेणाऽहर्गणपरीक्षा कार्या ।

[ कलिगत वर्षगणलाई १२ ले गुन्नू । गुणनफलमा चैत्रादि गत महीना जोड्नू । योग सौरमासगण हुन्छ । सौरमासगणलाई ३१८६६७२ (एकतीस लाख छयासी हजार छ शय बहत्तर) ले गुनी १०३६८०००० ( दश करोड छत्तीस लाख असी हजार ) ले भाग लिनू । लब्धि गताधिमास हुन्छ । शेष अधिशेष हुन्छ । सौरमासगणमा गताधिमास जोड्नू । योग चान्द्रमासगण हुन्छ । चान्द्रमासगणलाई ३० ले गुन्नू । गुणनफलमा वर्तमान चान्द्र-मासका शुक्लादि गततिथि जोड्नू । योग तिथिगण हुन्छ । तिथिगणलाई ५०१६४५६० ( पाँच करोड एक लाख चौसट्ठी हजार पाँच शय साठी ) ले गुनी ३२०६०००१६० ( तीन पद्म बीस करोड साठी लाख एक शय साठी ) ले भाग लिनू । लब्धि गतावम हुन्छ । शेष अवमशेष हुन्छ । तिथिगणबाट गतावम घटाउनू । शेष अहर्गण हुन्छ । अहर्गण-लाई ७ ले तष्ट गर्ने ( ७ ले भाग लिई शेष मात्र लिनू ) । ० शेष रहे शुक्रवार, १ शेष रहे शनिवार, २ शेष रहे आदित्यवार इत्यादि क्रमले वार हुन्छ । ]

( वि. सं. २०३४ मा त्रिभुवनविश्वविद्यालयको संस्कृतअध्ययनसंस्थानको वाल्मीकिविद्यापीठ-द्वारा प्रकाशित मर्यादा १३ अङ्कमा छापिएको नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको सुमतितन्त्रबाट नेपालको इतिहासमा पर्न सक्ने प्रकाश भन्ने निबन्ध, सो अङ्कका १३–१५ पृष्ठ । यहाँ संशोधित पाठको अङ्कव्याख्यामा अलिकति संशोधन गरिएको छ । )

सुमतितन्त्रको अहर्गण ल्याउने यस सूत्रअनुसार

$$\text{अधिमास} = \frac{\text{सौरमास} \times ३१८६६७२}{१०३६८००००}$$

$$\text{अवमदिन} = \frac{\text{चान्द्रदिन} \times ५०१६४५६०}{३२०६०००१६०}$$

यी समीकरण बस्छन् ।

$$\text{अधिमास} = \frac{\text{सौरमास} \times \text{युगअधिमास}}{\text{युगसौरमास}}$$

$$\text{अवमदिन} = \frac{\text{तिथिगण} \times \text{युगअवमदिन}}{\text{युगचान्द्रदिन}}$$

यी समीकरण प्रचलित छन ।

यस कारण सुमतितन्त्रअनुसार

युगअधिमास = ३१८६६७२

यगसौरमास = १०३६८००००

युगअवमदिन = ५०१६४५६०

युगचान्द्रदिन = ३२०६०००१६०

यी रूप बस्न आउँछन् ।

१२) १०३६८०००० (८६४०००० यगसौरवर्ष = युगसूर्यभगण

```
  ९६
  ---
   ७६
   ७२
  ---
    ४८
    ४८
  ---
```

```
 १०३६८००००  युगसौरमास
+ ३१८६६७२  युगअधिमास
-----------
 १०६८६६६७२  युगचान्द्रमास

 १०६८६६६७२  युगचान्द्रमास
+ ८६४००००  युगसूर्यभगण
-----------
 ११५५०६६७२  युगचन्द्रभगण

 १०६८६६६७२  युगचान्द्रमास
       ×३०
-----------
३२०६०००१६०  युगचान्द्रदिन
```

**( चान्द्रदिनको यो सङ्ख्या अवमदिन ल्याउन सुमतितन्त्रमा दिइएको सङ्ख्यासँग मिल्छ । )**

यस कारण सुमनितन्त्रअनुसार

युगसौरवर्ष = ८६४०००० = युगसूर्यभगण

युगसौरमास = १०३६८००००

युगअधिमास = ३१८६६७२

युगचान्द्रमास = १०६८६६६७२

युगचन्द्रभगण = ११५५०६६७२

युगचान्द्रदिन = ३२०६०००१६०

युगअवमदिन = ५०१६४५६०

यी रूप बस्न आउँछन् ।

यताबाट

८६४०००० सौरवर्षमा

अधिमास = ३१८६६७२

अवमदिन = ५०१६४५६०

हुने देखिन्छ ।

| | सौरवर्ष | अधिमास | अवमदिन |
|---|---|---|---|
| ४ | ८६४०००० | ३१८६६७२ | ५०१६४५६० |
| ४ | २१६०००० | ७९६६६८ | १२५४११४० |
| ३ | ५४०००० | १९९१६७ | ३१३५२८५ |
| | १८०००० | ६६३८९ | १०४५०९५ |

सौरवर्ष, अधिमास, अवमदिनका अपवर्तित रूप

सौरवर्ष = १८००००

अधिमास = ६६३८९

अवमदिन = १०४५०९५

यिनै अपवर्तित रूप लिई

**वर्षायुते धृति१८००००घ्ने नववसुगुणरसरसाः ६६३८९ स्युरधिमासाः ।**

**सावित्रे शरनवखेन्द्रियार्णवाशा१०४५०९५स्तिथिप्रलयाः ॥१४॥**

( पञ्चसिद्धान्तिका १ अध्याय )

[ सूर्यसिद्धान्तअनुसार १८०००० सौरवर्षमा ६६३८९ अधिमास तथा १०४५०९५ अवमदिन हुन्छन् । ]

वराहमिहिरले यस्तो बोले ।

वराहमिहिरको सूर्यसिद्धान्त र सुमतितन्त्रको सूयसिद्धान्त एउटै हो भन्ने कुरा यताबाट पनि देखिन आउँछ ।

## मूल पाठ

अहर्गणं घात खशून्यनागैः शैलाभ्रदस्त्रध्रुवनन्दपक्षैः ।
भग्नादिकम्भाज्य यथाक्रमेण रात्यर्द्धकम्मध्यमभास्करस्य ॥...

अस्य सूत्रस्याङ्क ।

भानो गुण ८०० भग्नादि भाग २९२२०७

(सुमतितन्त्र ताम्रपत्र १४ पत्र)

## संशोधित पाठ

हत्वा द्युवृन्दं गगनाभ्रनागैः ८०० शैलाभ्रदस्त्रध्रुवनन्दपक्षैः २९२२०७ ।
भजेत मध्यस्तरणिः प्रसिध्येल् लङ्काधरात्रे भगणादिरूपः ॥

अस्य सूत्रस्याऽङ्कव्याख्या ।

अहर्गणं गगनाभ्रनागै८००र्गुणयित्वा शैलाभ्रदस्त्रध्रुवनन्दपक्षै२९२२०७र्भजेत् ।
लब्धिर्लङ्कायामर्धरात्रे मध्यमः सूर्यः स्यात् ।

[अहर्गणलाई ८०० (आठ शय) ले गुनी २९२२०७ (दुइ लाख बयान्नब्बे हजार दुइ शय सात) लें भाग लिनू, भगणादि मध्यम सूर्य आउँछन् । सुमतितन्त्रमा आएका मध्यम ग्रह लङ्काको आधा रातका हुन्छन् ।]

यताबाट

सूर्यभगण = ८०० = सौरवर्ष
सावनदिन = २९२२०७

यो रूप बस्छ ।

द्युगणेऽर्कोऽष्टशत८००घ्ने विपक्षवेदार्णवे४४२ऽर्कसिद्धान्ते ।
स्वरखद्विद्विनवयमो२९२२०७द्धृते क्रमाद् दिनदलेऽवन्त्याम् ॥१॥

(पञ्चसिद्धान्तिका ९ अध्याय)

वराहमिहिरको यस सूत्रबाट पनि सुमतितन्त्रको सूत्रअनुसारको रूप बस्छ । यो कुरा माथि लेखिसकिएको छ । यस कारण यी दुइटैको आधार एउटै हो भन्ने कुरा झन् स्पष्ट हुन्छ ।

यहाँसम्म सूर्य चन्द्रका विषयमा सुमतितन्त्र र पञ्चसिद्धान्तिकाको सूर्यसिद्धान्तको साम्य देखियो । यस्तै साम्य अरू ग्रहका विषयमा पनि हुन्छ । गणित लामो भएकों हुनाले त्यसलाई अर्को निबन्धमा लेखिनेछ ।

**

# जगज्ज्योतिर् मल्लको राज्यकालमा नयाँ प्रकाश

—महेशराज पन्त

भादगाउँका राजा जगज्ज्योतिर् मल्लको राज्यकालको विषयमा सेसिल बेन्डलले लेखेको कुराको संशोधन गर्दै श्रीडिल्लीरमण रेग्मीले यस्तो लेख्नुभएको छ–

> टु गिभ् यान् आइडिअ अफ् जगज्ज्योतिर्मल्ल'ज् रेग्नल् यर्ज्, बेन्डल् साइट्स् थ्री कलोफन् डेट्स् अफ् हिज् रेन् । (केम्ब्. युनिभ्. लाइब्. याड्. १६८७, १६९६ यान्ड् वन् अफ् दोइस्चु कल्.)। द फर्स्ट् यान्ड् द लास्ट् अकर्डिङ टु बेन्डल्, आर् डेटिड् १६१७ (एन्एस् ७३७) यान्ड् १६२८ ए. डी. (एन्एस् ७४८) रिस्पेक्टिभ्लि । बट् वी ह्याभ् कम् अक्रस् मोर् डक्युमन्ट्स् अफ् अर्लिअर् यान्ड् लेटअर् डेट्स् बिलङ्गिङ टु हिज् रेन् । देर्फोर् हिज् कन्क्लुजन्ज् आर् रङ ।... हिज् रेकर्ड्ज् आर् अभेलएब्ल् फर् द यर् ७५५ । ए म्यानुस्क्रिप्ट् *लाक्षणसमुच्चय*, इज् डेटिड् एन्एस् ७५५ । यान्अदर् म्यानुस्क्रिप्ट् *वृत्तसार* (छन्द), ह्याज इन् द कलोफोन *महाराजाधिराज जगज्ज्योतिर्निर्देशेन, संवत् ७५५ श्रावण वदि चन्द्र दशम्याम्* । पर्ह्याप्स् दिस् इज् द लास्ट् डक्युमन्ट् अफ् द रेन् । हिज् सक्सेसअर् नरेशमल्ल रुल्ड् फर् अबाउट् ६ यर्ज् डाउन् टु १६४४ ए. डी. ( = ७६३ अर् ७६४) ह्याभिङ सक्सीडिड् हिज फादर् इन् द यर् १६३६ अर् १६३७ ए. डी. (एन्एस् ७५६, अर् ७५७) ।

(वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको *मेडिईभल नेपाल्* [नेपालको मध्यकालको इतिहास] २ भागका २१५, २१६–२१७ पृष्ठ)

[जगज्ज्योतिर् मल्लका राज्यवर्षको विषयमा एउटा विचार दिन भनी बेन्डलले उनको पालामा तीनवटा पुष्पिकाका समयको उल्लेख गरेका छन् (क्याम्ब्रिज विश्वविद्यालयको पुस्तकालयका १६८७, १६९६ सङ्ख्या र दोइस्च सङ्ग्रहबाट एउटा)। बेन्डलले लेखेबमोजिम पहिलो वि. सं. १६७४ (ने. सं. ७३७) र पछिल्लो वि. सं. १६८५ (ने. सं. ७४८) को हो । तर हामीले उनको पालाका यीभन्दा पहिलेका र पछिका समयका बढी लिखत भेट्टाएका छौं । यस कारण उनका निष्कर्ष गलत हुन गएका छन् ।

उनका ने. सं. ७५५ का लिखत पाइन्छन् । *लक्षणसमुच्चय* भन्ने लेखोट पुस्तकको समय ने. सं. ७५५ छ । अर्को लेखोट पुस्तक *वृत्तसार*को पुष्पिकामा महाराजाधिराज-जगज्ज्योतिर्निर्देशेन, संवत् ७५५ श्रावणवदिचन्द्रदशम्याम् भनी लेखिएको छ। यो उनको पालाको पछिल्लो लिखत होला । उनका उत्तराधिकारी नरेश मल्लले वि. सं. १६६३ वा १६६४ (ने. सं. ७५६ वा ७५७) मा आफ्ना बाबुको उत्तराधिकारी भएर वि. सं. १७०० (ने. सं. ७६३ वा ७६४) सम्म ६ वर्ष जति राज्य गरे ।]

यसरी जगज्ज्योतिर् मल्लको पाइएसम्ममा सबभन्दा पछिल्लो लिखत ने. सं. ७५५ (वि. सं. १६६२) श्रावणकृष्ण दशमीको भएको कुरा रेग्मीजीको यस लेखाइबाट बुझिएको छ ।

जगज्ज्योतिर् मल्लको पाइएसम्ममा सबभन्दा पछिल्लो लिखत ने. सं. ७५५ (वि. सं. १६६२) श्रावणकृष्ण दशमीको भएकोले र उनका छोरा तथा उत्तराधिकारी नरेश मल्लको सबभन्दा पहिलो लिखत ने. सं. ७५७ (वि. सं. १६६४) आश्विनशुक्ल अष्टमीको[1] भएकोले जगज्ज्योतिर् मल्लको सबभन्दा पछिल्लो लिखत र नरेश मल्लको सबभन्दा पहिलो लिखतको बीचमा २६ महीना जतिको अन्तर पर्न गएको बुझिन्छ ।

भक्तपुरका श्रीरामचन्द्र हाडासँग रहेको एउटा अप्रकाशित ताडपत्रबाट जगज्ज्योतिर् मल्लको राज्यकालको विषयमा केही प्रकाश पर्ने भएकोले त्यसको उतार यहाँ दिनुपरेको छ —

(१) १स्वस्ति ।। श्रीश्रीजयजगज्ज्योतिर्म्मल्लदेव प्रभु ठाकुरसन प्रसादारपा ्स्थानस्य पूर्व्वदीशप्रदेशे ्बलकस्य क्षेत्रेण पश्चिमतः मार्ग्गेण उत्तरतः श्रीराजक्षेत्रेण पूर्व्वतः धरसिमायां दक्षिणतश्च एतन्मध्ये चछाकनतिलाक्षेत्रणा-

(२) मसंज्ञकं तस्य क्षेत्रांक द्विरोपनिकं रोव नस २ बल ्तत यथादेशप्रवर्त्तमानस्तथा संचारार्घेण सुवर्ण्णपुष्पसारार्घप्रढौकीटमादाय क्रयविक्रयस्वाधिनेन क्रयेन विक्रीयतं भवति ।। श्रीखप्वंभूम्यां ्श्रीबान्दिवस्थाने ्तवच –

---

१. वि. सं. २०१६ मा संशोधन-मण्डलद्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित *अभिलेख-संग्रह* ७ भागको २० पृ.
वि. सं. २०२० मा संशोधन-मण्डलद्वारा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्य-द्वारा विरचित *इतिहास-संशोधन* ५६ क्रमागत संख्याको ३ पृ.
*मेडिईभल नेपाल* २ भागको २१८ पृ.

(३) पालटोलकाधिवासिन , बलकस्य नाम्नेन प्रसादिकृतं अत्र पत्रार्थे दृष्टसाक्षी ललितसिंह भारो लिखिति कायस्थ कल्याणसिंह सं ७५६ श्रावणशुदि ७ शुभं ।।

[ कल्याण होओस् ।

श्रीश्रीजयजगज्ज्योतिर् मल्लदेव प्रभु ठाकुरबाट निगाह गार्यो ।

ठाउँको पूर्व दिशापट्टि, बलकको खेतदेखि पश्चिमपट्टि, बाटोदेखि उत्तरपट्टि, श्रीराजाको खेतदेखि पूर्वपट्टि, ढलको सिमानादेखि दक्षिणपट्टि, यतिको बीचमा, छाकनतिला नाउँको दुइ रोपनी खेत र छाप्रो देशकालअनुसार चलेको मोलमा सुनको फूलको मालाको मोल चढाएको लिएर आफूखुशी किनबेच गर्न पाउने गरी बिक्री गरियो । श्रीखप्वंभूमि (भक्तपुर) मा श्रीबान्दिवस्थानमा, तवचपालटोल (तचपालटोल) मा बस्ने बलकको नाउँमा निगाह गरियो ।

यस पत्रका दृष्टसाक्षी ललितसिंह भारो ।

लेख्ने कायस्थ कल्याणसिंह ।

ने. सं. ७५६ (वि. सं. १६९३) श्रावणशुक्ल सप्तमी । कल्याण ]

जगज्ज्योतिर मल्लको राजाको रूपमा सबभन्दा पछिल्लो पटक ने सं. ७५५ (वि. सं. १६९२) श्रावणकृष्ण दशमीमा उल्लेख आएकोमा यो ताडपत्र पाइएकोले ने. सं. ७५६ (वि. सं. १६९३) श्रावणशुक्ल सप्तमीको दिनसम्म पनि जगज्ज्योतिर् मल्ल नै राजा देखिन गएका छन् । यसरी जगज्ज्योतिर् मल्लको पालाको सबभन्दा पछिल्लो लिखत अहिलेलाई ने. सं. ७५६ (वि. सं. १६९३) श्रावणशुक्ल सप्तमीको यो ताडपत्र बन्न गएको छ । अब जगज्ज्योतिर् मल्लको सबभन्दा पछिल्लो लिखत ने. सं. ७५६ (वि. सं. १६९३) श्रावणशुक्ल सप्तमीको भएकोले र उनका छोरा तथा उत्तराधिकारी नरेश मल्लको सबभन्दा पहिलो लिखत ने. सं. ७५७ (वि. सं १६९४) आश्विनशुक्ल अष्टमीको भएकोले जगज्ज्योतिर् मल्लको सबभन्दा पछिल्लो लिखत र नरेश मल्लको सबभन्दा पहिलो लिखतको बीचमा १४ महीनाको मात्र अन्तर रहन गएको छ ।

# श्रीनिवास मल्लसम्बन्धी तात्कालिक अप्रकाशित लेख

—महेशराज पन्त

पाटनका राजा श्रीनिवास मल्लको लागि वि. सं. १७३२ मा सारिएको *हिमवत्खण्ड* पं. अच्युतानन्द राजोपाध्यायको सङ्ग्रहमा छ । सो *हिमवत्खण्ड*मा पुष्पिकाको रूपमा श्रीनिवास मल्लको वर्णन गरी केही पद्य लेखिएका छन् । सो पुष्पिकाबाट मल्लकालको इतिहासमा केही प्रकाश पर्ने हुनाले अनुवादसहित सो पुष्पिका यहाँ प्रकाश गरिएको छ । मूलमा परेका व्याकरणसम्बन्धी अशुद्धिमध्ये अर्थै नबुझिने खालका अशुद्धि मात्र सच्याइएका छन् । सच्याइएका पाठ माथि र मूलपाठ तल टिप्पणीमा दिइएका छन् । मूलमा श्लोकसङ्ख्या नभए पनि सजिलोको लागि कोष्ठमा श्लोकसङ्ख्या हालिएका हुन् । मूलमा परेका पदको विशेष अर्थ खुलाउन पर्दा [ ] कोष्ठ र मूलमा नपरेका तर प्रसङ्गबाट थप्नुपर्ने पद ( ) कोष्ठभित्र अनुवादमा हालिएका छन् ।

आसीत्सूर्य्यकुले त्रिलोकविदितः श्रीरामचन्द्रो नृपो  
वंशे तस्य बभूव यक्षपधनः श्रीयक्षमल्लो नृपः ।  
तत्पुत्रोऽखिलभूमिरत्न इव यः श्रीरत्नमल्लोऽभवत्  
पुत्रस्तस्य बभूव सूर्य्यसदृशः श्रीसूर्य्यमल्लो नृपः ॥ [१]  
तत्पुत्रोऽमर[1]मल्लभूपतिरभूदाधिक्यकीर्त्याऽमलः  
सूनुस्तस्य नृपो महीन्द्र इव यः श्रीमन्महेन्द्रोऽभवत् ।  
तस्माच्छ्रीशिवसिंहमल्लनृपतिः सिंहो नृपानामभू-  
त्सूनुस्तस्य नृपोऽभवद्धरिहरो नामेति सिंहान्तगः ॥ [२]  
रेजेसौ ललितापुरेऽमरपुरे वज्रीव यस्य प्रिया  
राज्ञी लालमती सती वसुमतीं[2] प्राप्तेव पद्मापरा ।  
दाता कीर्त्तिशरत्सुधाकरकरव्यक्तीकृताशाङ्गनः  
स्वारिक्षोणिपतिप्रताप[3]सुमहद्दावाग्निधाराधरः ॥ [३]

---

१. °मल° २. वसुमती ३. °प्रजाप°

तस्यासीत्तनयः प्रतापतपनोद्धूतारितामिस्रिको
राजर्षिर्हरिभक्तिकीर्त्तनरतो धर्म्मावतारः परं ।
श्रीमत्सिद्धिनृसिंहमल्लनृपतिर्भूपालचूडामणी
राज्ञी भानुमती त्वमुष्य महिषी मुख्या सतीनां भुवि ।। [४]
आश्चर्यं भुवि षोडशोत्तरशतैः स्तंभैर्दृषद्भिर्व्वरं ।
सप्तानां त्रितयैः सुवर्णकलशैर्न्निर्मापयित्वा मठं ।
तत्रारभ्य मखं महाद्भुततरं कोट्याहुतिं याजकः
श्रीकृष्णस्य च मूर्त्तिमुत्तमतमां संस्थापयामास सः ।। [५]
श्रीमत्सिद्धिनृसिंहमल्लनृपतेस्तस्यात्मजोऽभूत्ततः
कंदर्प्पप्रतिमः प्रतापशमितप्रत्यर्थिभूपोन्मदः ।
नेपालाधिपतिः स्ववंशतिलको धीरो हनुमद्ध्वजो .
दाता सत्त्व[४]गुणाश्रितो गुणनिधिः श्रीश्रीनिवासो नृपः ।। [६]
एका यस्य मृगावती प्रियतमा चान्या द्वितीया सती
संतोषा मणिकर्ण्णिकेति च तथा तिस्रो महिष्योऽभवन् ।
पुत्रो यस्य नरेन्द्रमल्लनृपतिः साक्षाद्विशाखः परं
रेजेसौ ललितापुरे स चतुरः श्रीश्रीनिवासो नृपः ।। [७]
भक्त्या काष्ठपमंडपस्य नृपतिं योऽस्थापयत्सानुजं
भक्तग्राममहीपतिं च कृपया योऽपालयत्सानुजं ।
योऽरक्षच्च[५] महाकुमारनृपतिं यं पर्वताधीश्वरं
नेपालाधिपतीश्वरः स शुशुभे श्रीश्रीनिवासः प्रभुः ।। [८]
मत्स्येन्द्रस्य च भक्तिभावभजतो देव्याः सुभक्त्या[६] सदा
प्रासादोपरि तप्तहेमपटलं भक्त्यार्ऽपितोऽसौ नृपः ।
देव्यर्थं स्वगृहाङ्गने स कनकप्रासाद सृष्टीकृतो
वाराहीगणनाथभैरवरसन्मूर्तिश्च हेम्नोऽसृजत् ।। [९]
उद्यानं विपुल सुवर्णपटलं सकिंकिनीमालया
रम्यं श्रीकुलदेवताऽद्भुतमठे विन्यस्य तस्योपरि ।
हेम्नः कूटमुदारमेष नृपतिः संस्थापयामास सः
कृत्वा पाठकविप्रवृंद्रलसितं यज्ञं च लक्षाहुतिं ।। [१०]

४. सत्व° ५. °लच्च ६. सुभक्त्याः

यो नित्यं वरवाग्मतीशुचिजलस्नानातिपूताकृति-
र्भक्त्याष्टादशधा पुराणमशृणोद्रामायणं भारतं ।
प्रत्यब्दं महिषाश्च्छताधिकतमान् संतर्प्य योऽतोषय-
द्दुर्गां नृत्यमहोत्सवं भुवि नृपो सोऽसौ नवम्यां तिथौ ।। [११]
मुक्ताकांचनवाजिवारणरसागेहान्नवस्त्रप्रदो
भक्त्या गोशतदानकृच्छुभदिने यः शंखमूलेऽनिशं ।
पर्य्यङ्के च पुराणपुस्तकचयं विन्यस्य सौवर्णिके
यो विप्राय ददौ स दातृगणनालेखाऽग्रगोऽभून्नृपः ।। [१२]
भक्त्यूद्यत्करसंपुटां हि सृजतः स्वर्णस्वमूर्त्तिं पुरः
पूजां यस्य दिनत्रिवारकरणामेकां च रात्रौ तथा ।
नित्यं पंचपदार्थतोयकरणामद्यापि तामग्रही -
ल्लोकेशः करुणामयोऽरुणनिभो मत्स्येन्द्रनाथः प्रभुः ।। [१३]
प्रत्यब्दं हरिभक्तिकीर्त्तनरतो यः कार्त्तिके पर्व्वसु
नानाकृष्णचरित्रनर्त्तनकृतः कारुण्यसिद्धिप्रदः ।
सोसौ रंगभुवि प्रमोदरसिकस्तालाहतोदारभो
लोकैर्म्मोहगतैर्व्वर्यतर्क्कि नृपतिर्ग्गंधर्व्वराजः परं ।। [१४]
देवीयुद्धयुते स चित्रनटने पंचाङ्कबद्धे पुनः
श्रीरामायणनाटके सुललिते पंचाङ्कचारौ तथा ।
रेजे तालधरः स रागनिपुणो भूपो महाभारते
नृत्ये कंसवधस्य चित्रनटने सप्ताङ्कबद्धस्य च ।। [१५]
मद्धेतोरिह दुर्ल्लभं सुकृतदं नेपालभूमिस्थले
माहात्म्यप्रतिबद्धमेव हिमवत्खण्डं पुराणं वरं ।
हे विप्रौ लिखतं युवामिदमिति प्रोवाच पृथ्वीपतिः
सोऽयं विप्रवरौ मुदा गणपतिर्ग्गंगाधरौ द्वौ च तौ ।।[१६]
नेपालेश्वरनायकस्य नृपतेः श्रीश्रीनिवासस्य तां
धृत्वाज्ञां शिरसा सुकोमलवतीं पुष्पस्य मालां यथा ।
एतस्मै लिखतः स्म तौ गणपतिर्ग्गंगाधरो लेखकौ
नॄणां मोक्षफलप्रदं हि हिमवत्खण्डं पुराणं शुभम् ।। [१७]

अब्देस्मिन्सरंध्रवाजिनि गते वैशाखमासेऽसिते
कन्दर्प्पस्य तिथौ दिने दिनकरे धर्म्मैर्न्नृणां भूभुजां ।
तैनाढ्ये ललितापुरे सुललिते भूपेन्द्रसंपालिते
साकं तेन च बिश्वसिंहगुणिना राज्ञो⁷ऽनिशं सेविना ।। [१८]
श्लथाद्बंधनान्मूषकात्कीटभक्षा-
ज्जलात्तैलतो वह्नितश्चौरतश्च ।
भवद्भिः सदा यत्नतो रक्षणीय
मिदं पुस्तकं श्रीनिवासस्य राज्ञः ।। ।। [१९]
संवत् ७९६ वैशाखकृष्णत्रयोदश्यां तिथौ अश्विनीनक्षत्रे आयुष्मान्योगे आदित्य-वासरे थ्व कुन्हु महाराजाधिराज श्रीश्रीश्रीजयश्रीनिवासमल्लदेव थाकुरस आज्ञान मन्त्री भगीरथ भैयाया ओजनेन थ्व हिमवत्खण्डपुराण वंला-निह्मगृहनिवासिन श्रीगणपतिशर्म्मा श्रीगंगाधरशर्म्मा पुन विश्वसिंह भारो ध्वतिसन चोस्यं संपूर्ण्ण धुनका जुरो ।।
शुभ ।।
सन्ति ये हिमवत्खण्डे पशुपत्यादयः सुराः ।
नेपालेशं नृपं श्रीश्री श्रीनिवासमवन्तु ते ।। [२०]

[तीनै लोकमा नाउँ चलेका राजा श्रीरामचन्द्र सूर्यवंशमा हुनुभयो । उहाँको कुलमा कुबेर जस्ता धनी राजा श्रीयक्ष मल्ल हुनुभयो । उहाँका छोरा सम्पूर्ण पृथ्वीका रत्न जस्ता श्रीरत्न मल्ल हुनुभयो । उहाँका छोरा सूर्य जस्ता राजा श्रीसूर्य मल्ल हुनुभयो ।।१।।

उहाँका छोरा धेरै कीर्तिले गर्दा सफा भएका राजा अमर मल्ल हुनुभयो । उहाँका छोरा पृथ्वीका इन्द्र जस्ता राजा श्रीमहेन्द्र (मल्ल) हुनुभयो । उहाँबाट राजाहरूमा श्रेष्ठ राजा श्रीशिवसिंह मल्ल हुनुभयो । उहाँका छोरा राजा हरिहरसिंह (मल्ल) हुनुभयो ।।२।।

स्वर्गमा इन्द्र जस्तै ललितपुरमा यहाँ [हरिहरसिंह] सुहाउनुभयो । जसकी [हरिहर-सिंहकी] पत्नी पृथ्वीमा आइपुगेकी अर्की लक्ष्मी जस्ती पतिव्रता रानी लालमती (हुनुभयो) । (हरिहरसिंह) दानी, कीर्तिले शरद् ऋतुका चन्द्रमाको जूनले जस्तै दिशारूपी स्त्रीलाई प्रकट पारेका [दिशाका छेउछाउसम्म कीर्ति पुगेका], आपना

७. राज्ञा⁰

शत्रु राजाको प्रतापरूपी ठूलो डढेलोउपर बादल (हुनुहुन्थ्यो) ॥३॥
उहाँका छोरा प्रतापरूपी सूर्यले शत्रुरूपी अँध्यारोलाई हटाएका, राजर्षि, हरिभक्ति र कीर्तनमा लागेका, धर्मराजका अवतार, राजाहरूमा श्रेष्ठ, राजा श्रीसिद्धिनृसिंह मल्ल (हुनुभयो)। यहाँको [सिद्धिनृसिंहको] रानी पृथ्वीमा पतिव्रताहरूमा मुख्य भानुमती (हुनुभयो।) ॥४॥
उहाँले [सिद्धिनृसिंहले] ढुङ्गाका एक सय सोह्र खामा र सुनका एक्काइसवटा गजूर भएको, पृथ्वीमा आश्चर्य भएको, राम्रो मन्दिर बनाउन लाएर आफू यजमान भएर त्यहाँ बडो अचम्मको कोटिहोम थालेर श्रीकृष्णको असल मूर्तिको स्थापना गर्नुभयो ॥५॥
उहाँ राजा श्रीसिद्धिनृसिंह मल्लका छोरा, कामदेव जस्ता राम्रा, प्रतापले शत्रु राजाको शेखी झारेका, नेपालका मालिक, आफ्नो कुलमा श्रेष्ठ, धीर, झण्डामा हनूमान् भएका दाना, सत्त्वगुण भएका, गुणका खानि, राजा श्री श्रीनिवास [मल्ल हुनुहुन्छ।] ॥६॥
जसको [श्रीनिवास मल्लको] एकजना सबभन्दा प्यारी मृगावती, अर्की माहिली पतिव्रता सन्तोषा र (कान्छी) मणिकर्णिका गरेर तीनजना रानी हुनुहुन्छ। जसका [श्रीनिवास मल्लका] छोरा साक्षात् स्वामिकार्तिक जस्ता (योग) नरेन्द्र मल्ल देव (हुनुहुन्छ)। यहाँ चतुर राजा श्रीश्रीनिवास (मल्ल) ललितपुरमा सुहाउनुहुन्छ ॥७॥
जसले [श्रीनिवास मल्लले] काठमाडौँका भाइसमेतका राजालाई भक्तिपूर्वक अड्याउनुभयो[८]। जसले [श्रीनिवास मल्लले] भादगाउँका भाइसमेतका राजालाई दयापूर्वक पालना गर्नुभयो[९]। जसले [श्रीनिवास मल्ल] ले पर्वतका मालिक जुन राजा

---

८. काठमाडौँका राजा प्रताप मल्लले आफ्नो उत्तराधिकारीमा आफ्ना कान्छा छोरा महीपतेन्द्र मल्ललाई छानेका थिए। वि. सं. १७३१ मा प्रताप मल्लको मृत्यु भएपछि श्रीनिवास मल्लले दाजुहरू छँदै भाइ राजा हुनु मुनासीब होइन भनी आफैँले टीका लगाइदिई नृपेन्द्र मल्ललाई काठमाडौँको गद्दीमा बहाल गराएर नृपेन्द्र मल्लका आफ्नै भाइ पार्थिवेन्द्र मल्ल र सौताने भाइ महीपतेन्द्र मल्ललाई दाज्यू नृपेन्द्र मल्ललाई सुम्पिदिएका थिए (वि. सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ अङ्कमा छापिएको रामजी तेवारीको *चौतारा देवीदास अथवा चिकुटि* भन्ने निबन्ध, सो अङ्कका १६–१७ पृ.)। यही घटनालाई कविले यहाँ सङ्केत गरेका हुन्।

९. वि. सं. १७२९ मा भक्तपुरका राजा जगत्प्रकाश मल्लको मृत्यु भएपछि उनका जेठा छोरा जितामित्र मल्ल भक्तपुरको गद्दीमा बसे। जगत्प्रकाश मल्लका अर्का छोरा उग्र मल्ल थिए। त्यस वेलाको चलन-अनुसार उग्र मल्ल मिरह्म जुजु=कान्छा राजा कहलाउन लागे। यी दाजुभाइ आफ्ना बाबु जगत्प्रकाश मल्ल जस्ता श्रीनिवास मल्लसँग टक्कर लिन सक्ने स्थितिमा थिएनन्। यस

महाकुमारको रक्षा गर्नुभयो[१०] । नेपालका राजाहरूका मालिक त्यस्ता प्रभु श्रीश्रीनिवास

---

कारण यिनीहरू श्रीनिवास मल्लको अनुकूल भएर रहेका थिए (*पूर्णिमा* १ अङ्कका २०-२५ पृष्ठमा छापिएको भोलानाथ पौडेलको *जितामित्र मल्ल* भन्ने निबन्ध, वि. सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ५ अङ्कका २१-३१ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको *चौतारा भगीरथ भैया* भन्ने निबन्ध, वि. सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ अङ्कका २६-३७ पृष्ठमा छापिएको भोलानाथ पौडेलको *जगत्प्रकाश मल्ल* भन्ने निबन्ध) । कविले यही अवस्थालाई यहाँ सङ्केत गरेका हुन् ।

१०. मकवानपुरका राजा हरिहर सेनलाई *प्राचीनसेनवंशावलीमा पर्वतैकपातशाह* (पर्वतका बादशाह) भन्ने विशेषण लगाइएको छ (वि. सं. २०२० मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृति-विभाग वीरपुस्तकालयद्वारा प्रकाशित शङ्करमान राजवंशीद्वारा सम्पादित *सेन-वंशावली*को ६ पृ.) यस कारण यहाँ पर्वताधीश्वर (पर्वतका मुख्य राजा) भनेर मकवानपुरका राजालाई भनेको अनुमान हुन्छ । हिन्दी भाषामा लेखिएको एउटा *सेनवंशावलीमा* हरिहर सेनका उत्तराधिकारीको नाउँ महाकुमार सेन भनी लेखिएको छ (*सेन-वंशावली*का ३८-३९ पृ.) । तर मकवानी सेनहरूको बयान परेका अरू दुइ पुस्तक *प्राचीनसेनवंशावली* (*सेन-वंशावली*का ६-१०, १४-१५ पृ.) र ह्यामिल्टनको *नेपालवर्णन* (वि. सं. २०२८ मा नयाँ दिल्लीबाट मञ्जुश्री पब्लिशिङ हाउसद्वारा पुनर्मुद्रित फ्रान्सिस बुचनान ह्यामिल्टनको *यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल् यान्ड् अफ् द टेरइटरिज् अनेक्स्ड् ट दिस् डोमिनियन् बाइ द हाउस् अफ् गोर्खा* [नेपाल अधिराज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वर्णन] का १३४-१६६ पृ.) मा महाकुमार सेन भन्ने नाम पाइँदैन । तर नेपालखाल्डोमा नेवारी भाषामा टिपिएको एउटा तात्कालिक टिपोटमा मोरङ्या हरिहरसेनया काय महाकुमार शुभसिंह धायाह्म [मोरङका हरिहर सेनका छोरा महाकुमार शुभसिंह (सेन) भन्ने] भनी लेखिएको भेट्टिएको छ (वि. सं. २०२० मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व-विभाग वीरपुस्तकालयद्वारा प्रकाशित शङ्करमान राजवंशीद्वारा सम्पादित *ऐतिहासिक घटनावली*को ४ पृ.) । यताबाट हरिहर सेनका छोरा शुभ सेनको नै अर्को नाउँ महाकुमार भएको निश्चित हुन्छ र दुवै नाउँ चलनचलतीमा रहेको देखिन्छ । यस कारण यहाँ पर्वताधीश्वर महाकुमार-नृपति भनी मकवानपुरका शुभसेनलाई बुझाइएको हो भन्ने स्पष्ट हुन्छ ।

हरिहर सेनले जेठीपट्टिका छोराहरूलाई पन्छयाएर कान्छीपट्टिका छोरा शुभसेनलाई आफ्नो उत्तराधिकारी बनाएकाले गृहकलह भएको बयान ह्यामिल्टनले गरेका छन् (१३७ पृ.)। यस गृहकलहको झल्को प्रताप मल्लले दलषभ बानियालाई लेखेको चिठीमा पनि पाइन्छ (वि. सं. २०२७ मा काठमाडौँबाट

(मल्ल) सुहाउनुहुन्छ ।।८।।
मत्स्येन्द्रको सधैँ भक्तिभाव गर्ने उहाँ राजाले [श्रीनिवास मल्लले] देवीको मन्दिरमा सुनको मोलम्मा लाएको छाना भक्तिपूर्वक चढाउनुभयो । (उहाँले) देवीको लागि आफ्नो दरबारको आँगनमा सुनको मन्दिरको सिर्जना गर्नुभयो ।।९।।
उहाँ राजाले श्रीकुलदेवताको आश्चर्यको मन्दिरको वरपर ठूलो बगैँचा (बनाउनुभयो) त्यस मन्दिरमा ससाना असल घण्टाहरूले राम्रो भएको सुनको छाना हालेर त्यसमाथि सुनको ठूलो गजूर हाल्नुभयो, त्यस वेला बाहुनहरूको जमातलाई पाठ गराएर लक्षहोम पनि गर्नुभयो ।।१०।।
वाग्वतीको चोखो जलमा स्नान गर्नाले अतिपवित्र शरीर भएका जसले [श्रीनिवास मल्लले] अठाह्र पुराण, रामायण, महाभारत भक्तिपूर्वक सुन्नुहुन्छ । जसले [श्रीनिवास मल्लले] बर्सेनि महानवमीमा सयभन्दा बढी राँगाको बलि दिएर दुर्गालाई सन्तुष्ट पार्नुहुन्छ । यहाँ राजाले नाचको ठूलो उत्सव गराएर ।।११।।
मोती सुन घोडा हात्ती जग्गा घर अन्न कपडा दान दिने, भक्तिपूर्वक सय गाई दान दिने जसले [श्रीनिवास मल्लले] सुनको पलङमा पुराणका पुस्तकको थुप्रो राखेर बाहुनलाई शङ्खमूलमा असल दिनमा दान दिनुभयो । उहाँ राजा दानीहरूको गणनामा अगाडि पर्ने हुनुभयो ।।१२।।
अगाडि भक्तिपूर्वक हात जोडेको आफ्नो सुनको मूर्तिको सिर्जना गर्ने जसले [श्रीनिवास मल्लले] अर्पेको दिनमा तीन पटक र राति एक पटक गरी सधैँ पञ्चामृत र जलले गरिएको पूजालाई लोकेश्वर करुणामय सूर्य जस्ता मत्स्येन्द्रनाथले ग्रहण गर्नुभयो ।।१३।।
हरिको भक्ति र कीर्तनमा लाग्नुभएका जसले [श्रीनिवास मल्लले] दया गर्ने र सिद्धि

---


गोरखापत्र करपोरेशनद्वारा प्रकाशित *मधुपर्क* ३ वर्ष ४ अङ्कमा छापिएको बुद्धिसागर पराजुलीको *प्रतापमल्ल र शुभसेन* भन्ने निबन्ध, सो अङ्कका २५–२७ पृ.) यसरी गृहकलह भएपछि शुभसेन वि. सं.१७२८ मा भागेर आएका र उनको मदतको लागि पाटन, भादगाउँ र गोरखाबाट फौज लड्न गएको बयान नेपालखाल्डोमा लेखिएको तात्कालिक टिपोटबाट बुझिन्छ । यसको ३ वर्षपछि फेरि वि. सं १७३१ मा नेपालखाल्डोका तीन राज्यको र तनहूँको फौज शुभसेनको मदतको लागि लड्न गएको कुरा पनि तात्कालिक प्रमाणबाट बुझिन्छ । यस पटक शुभ सेनको विजय भएको थियो । शुभ सेनलाई मदत गर्नेमा पाटनका राजा श्रीनिवास मल्ल मुख्य थिए भन्ने कुरा पनि तात्कालिक प्रमाणबाट बुझिएको छ (वि. सं. २०२६ मा प्रकाशित *मधुपर्क* २ वर्ष ६ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको *गुहारयुग* भन्ने निबन्ध, सो अङ्कका ४३–४४ पृ.) । यहाँ श्रीनिवास मल्लले पर्वतका मुख्य मालिक राजा महाकुमारलाई रक्षा गरे भन्ने लेखी कविले यही घटनालाई सङ्केत गरेका हुन् ।

दिने कृष्णका नानाथरीका चरित्रको नाच कार्तिकमा पर्वहरूमा गर्नुभयो । रङ्गशालामा खुशीले रसिक भएका, ताल दिइएका उहाँ राजालाई मुग्ध भएका मानिसहरूले अर्का गन्धर्वराज नै हुन् कि भनी तर्कना गरे ।।१४।।
देवीयुद्धसम्बन्धी पाँच अङ्क भएको नाटकमा, पाँच अङ्क भएको राम्रो रामायणनाटकमा, महाभारत नाटकमा, सात अङ्क भएको कंसवध नाटकमा ताल लिएका, रागमा सिपालु उहाँ राजा सुहाउनुभयो ।।१५।।
यहाँ नेपालमा दुर्लभ भएको, पुण्य दिने, माहात्म्यको कुरा भएको असल पुराण हिमवत्खण्ड मेरो लागि हे बाजेहरू, तपाईंहरू दुइ जना मिलेर सार्नुहोस् भनी उहाँ राजाले असल ब्राह्मण ती गणपति र गङ्गाधरलाई खुशी भएर भन्नुभयो ।।१६।।
नेपालका राजाहरूका नायक राजा श्रीश्रीनिवास (मल्ल) को त्यस आज्ञालाई फूलको मालालाई शिरमा लिए जस्तो गरी ती लेखक गणपति र गङ्गाधरले उहाँको [श्रीनिवास मल्लको] लागि मानिसहरूलाई मोक्षको फल दिने असल पुराण हिमवत्खण्ड सारे ।।१७।।
मानिसहरूलाई मोक्षको फल दिने, असल पुराण हिमवत्खण्ड ने. सं. ७९६ (वि. सं. १७३३) वैशाखकृष्ण त्रयोदशी तिथि आदित्यवारको दिन राजाहरूको र मानिसहरूको धर्मले गर्दा राजाहरूमा मुख्य राजाले पालना गरिएको सम्पन्न राम्रो ललितपुरमा राजाको रातोदिन सेवा गर्ने गुणी विश्वसिंहसँगै ती दुइ जनाले [सारे] ।।१८।।
राजा श्रीनिवास (मल्ल) को यस पुस्तकलाई खुकुलो बासाबाट, मूसाबाट, कीराबाट, पानीबाट, आगोबाट र चोरबाट यहाँहरूले मिहिनेत गरी सधैँ रक्षा गर्नुपर्छ ।।१९।।
ने. सं. ७९६ (वि. सं. १७३३) वैशाखकृष्ण त्रयोदशी तिथि अश्विनीनक्षत्र आयुष्मान्योग आदित्यवार यस दिन महाराजाधिराज श्रीश्रीश्रीजय श्रीनिवास मल्लदेव प्रभु ठाकुरको आज्ञाले, मन्त्री भगीरथ भैयाको वचनले यो हिमवत्खण्ड पुराण वंलानिह्म (टोल) को घरमा बस्ने श्रीगणपति शर्मा, श्रीगङ्गाधर शर्मा र फेरि विश्वसिंह भारो यति जनाले लेखेर पूरा पारियो ।

कल्याण ।

हिमवत्खण्डमा पशुपति आदि जुन देवताहरू हुनुहुन्छ, उहाँहरूले नेपालका मालिक राजा श्रीश्रीश्रीनिवास (मल्ल) को रक्षा गर्नुहोस् ।।२०।।





गोरखाको विरोधमा वि. सं. १७८२ मा भएको
कान्तिपुर र भक्तपुरको सन्धिपत्र

# गोरखाको विरोधमा वि. सं. १७८२मा भएको कान्तिपुर र भक्तपुरको सन्धिपत्र

– रामजी तेवारी

ॐ श्री ३ पशुपतिर्ज्जयति १

१ स्वस्ति ।। श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसादितरघुवंशावतारमानमानोन्नतमहाराजाधिराजभूमण्डलाखंडलश्रीश्रीजयरणजीतमल्लदेवस्त ˎ महाराजाधिराज ˎ श्रीश्रीजयजगज्जयमल्लदेवसन ˎ गच्छपत्र चोसें ˎ दुंता ˎ भाखा थ्वते ˎ ग्वर्षा हानययाय ˎ हानय मयासे ˎ खपो ओ त्रिमतन ˎ गोर्षा कालसा ˎ जिमसोदोल अंके १३०००) श्रीश्रीरणजीतमल्लदेवसन ˎ कायदु ˎ नून धायमदु ˎ लओ ल्हाया ओ बियमाल ˎ वादाल्हसदतो ˎ रणभीम थापान ˎ

संवत् ८४६ मिति कार्त्तिकशुन्हु १ मूकाम ˎ श्रीमत्कांतिपुरि ।।शुभ।।

(यस पत्रको सकल प्रति श्रीबलरामदास मूलको सङ्ग्रहमा छ । सो सङ्ग्रहबाट मैले प्रतिलिपि लिएको हुँ । यस पत्रको चित्र पनि सँगै प्रकाशित छ ।

यस पत्रमा रातो छाप लगाइएको छ । त्यहाँ "श्रीश्रीजयजगज्जयमल्लदेव" देखिन्छ ।

यस पत्रको नाप ९. १ अङ्गुल चौडा र १२. १ अङ्गुल लम्बा छ ।)

# जङ्गबहादुरको पालाका दुइ पत्र

– रामजी तेवारी

(१ सङ्ख्या)

स्वस्ती हनुमानढोकाकस्य
भादगांउका सुब्बा रामके पुर्जी

उप्रान्त रानी जिन्दाकोको घर बनाउनानिमित्त श्री ५ सर्कारबाट रुपैञा दी भान्नर्सी स्यामसुन्दरका जीम्मा मंसिरदेषी मोल भैरह्याका काठ् हुन्. तसर्थ जिन्दा रानीका घर बनाउन भान्नर्सिं स्यामसुन्दरका जीम्मा रह्याका काठ् नरोक. छोडीदेउ.

ईती सम्वत् १९०७ साल् मीती प्रथम वैशाषवदी ५ रोज २ शुभम्

(२ सङ्ख्या)

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान् कम्यांडरइन्चिफ् जनरल जङ्गबहादूर कुवर राणाजि श्रीकम्यांडरइन्चिफ् जनरल कृष्णबहादूर कुवर राणाजीकस्य पत्रम् ।

आगे षासाका गुंबा गुंबामा जप तप गरिरहन्या लामा गैरहके जेथोचित्

उप्रांत तिमिहरुलाइ हाम्रा फौज लस्करले जिउ धन देउता गुंबामा केहि बीजाइ गर्न्या छैनन्. हामिले अह्राइपठायाको छ. तसर्थ तिमिहरुले अघिदेषि गुंबा गुंबामा बसि जप तप धर्म गरिरह्याबमोजिम् हाम्रो जये मनाई षुसिसग बस. केहि कुराको धंदा फिक्रि मांनुपर्दैन. त्यो षासा हामि गोर्षाले जित्यौं भन्या हामिलाइ मानौला. भोटचैले थाम्या भन्या उनैलाइ मानौला. अैल्हे र दुवैतर्फमा कसैलाई गुहार मद्दत् नदिनु.मध्येस्थ भैरहनु.

इति सम्वत् १९११ साल मिति चैत्रवदी ३० रोज १ शुभम्

(यो पत्रका सकल श्रीबलरामदास मूलको सङ्ग्रहमा छन् । सो सङ्ग्रहबाट मैले प्रतिलिपि लिएको हुँ ।)

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३५ चैत्र

यस अङ्कको मूल्य रु. ६।

मुद्रक–

लुष प्रेस

पुलचोक, ललितपुर, नेपाल